इस्मालीको 'गाउँको माया' कथामा भाषिक विचलन

✍ भीष्मकुमारी रेग्मी
(सह-प्राध्यापक, उर्लाबारी बहुमुखी क्याम्पस)

सार

प्रस्तुत लेखमा कथाकार इस्मालीद्वारा लिखित 'गाउँको माया' कथाको भाषिक विचलनको सैद्धान्तिक आधारबाट विश्लेषण गरिएको छ । अग्रभूमि निर्माणको एउटा प्रमुख उपाय मानिने भाषिक विचलन शैलीविज्ञानसँग सम्बद्ध छ । भाषिक विचलनका माध्यमद्वारा कुनै पनि साहित्यिक कृतिको सामान्य, अतिपरिचित एवम् सनातनी प्रयोगका सट्टा नवीन, विशिष्ट र आकर्षक बनाउने उद्देश्य लिइएको हुन्छ । यस लेखमा भाषिक विचलनको सैद्धान्तिक पर्याधार निर्माणका लागि जियोफ्री एन. लिचको सन् १९६९ मा प्रकाशित ***अ लिङ्गविस्टिक गाइड टु इङ्लिस पोयट्री*** *पुस्तकमा भएको भाषिक विचलनका प्रकारहरूलाई आधारस्रोतको रूपमा लिई इस्मालीद्वारा लिखित 'गाउँको माया' कथाभित्रको भाषिक विचलनबारे विश्लेषण गरिएको छ । यसैले प्रस्तुत अध्ययनको प्राथमिक सामग्रीको रूपमा इस्मालीद्वारा लिखित 'गाउँको माया' कथालाई लिइएको छ भने द्वितीयक मूल स्रोत सामग्रीको रूपमा लिचको 'अ लिङ्विस्टिक गाइड टु इङ्लिस पोयट्री' पुस्तकलाई आधार बनाइएको छ । लिचले उक्त पुस्तकमा साहित्यिक भाषाका आठ प्रकारका विचलनबारे चर्चा गरे गरिए तापनि प्रस्तुत आलेखमा भने कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख-प्रक्रियात्मक र अर्थतात्त्विक विचलनलाई आधार मान्दै 'गाउँको माया' कथामा तिनको प्रयोगस्थितिबारे विश्लेषण गरिएको छ । गुणात्मक अनुसन्धान विधि अँगालेर लेखिएको यस लेखमा सङ्कलित सामग्रीको विश्लेषणका लागि मूलतः पाठविश्लेषण विधि अवलम्बन गरिएको छ ।*

शब्दकुञ्जी : अग्रभूमि, ध्वनिप्रक्रियात्मक, भाषिक विचलन, भावाभिव्यक्ति, भाषिक सौन्दर्य ।

विषयप्रवेश

नेपाली कथाको क्षेत्रमा परिचित कथाकार इस्माली (२०१२ जेठ ४)को वास्तविक नाम महेश्वरप्रसाद उपाध्याय हो । उनलाई बाल्यावस्थामा महेश पौडेल भनेर बोलाउने गरिन्थ्यो । बुबा गोविन्दप्रसाद उपाध्याय र माता तिलकुमारी देवी पौडेलका सुपुत्र इस्मालीले आफ्ना कथाहरूमा सामाजिक समस्याको यथार्थपरक ढङ्गले उद्घाटन गर्ने गरेका छन् । २०३१ सालमा प्रथम पटक 'ऋणको थिचो' नामक कथा लेखेर नेपाली आख्यानमा

समसामयिक कथाकारका रूपमा उदाएका इस्मालीले 'माछो माछो भ्यागुतो' (२०५२), 'अर्को एउटा पृथ्वी' (२०५७), 'घाम घामजस्तो छैन' (२०५८), 'काट जर्किन डी' (२०६४), इस्मालीका प्रतिनिधि कथाहरू (२०६७) र श्रीको खोजी (२०७३) कथासङ्ग्रहहरू प्रकाशन गरेका छन् । प्रस्तुत 'गाउँको माया' कथा 'माछो माछो भ्यागुतो' (दो.सं.२०७७) कथासङ्ग्रहमा सङ्कलित छ । मूलतः तराईमा बसोबास गर्ने निम्नवर्गीय जनजीवनको यथार्थ चित्रण गरिएको इस्मालीको प्रस्तुत कथामा विशिष्ट किसिमको भाषिक संयोजन पाइन्छ । यहाँ स्थानीय बोलीचालीको भाषालाई प्रधानता दिई भाषिक प्रयोगमा नवीनता ल्याइएको छ । यसरी प्रस्तुत अध्ययनमा ग्रामीण नेपाली समाजको यथार्यबोध गर्ने/गराउने सन्दर्भमा लिइएका प्रमुख पात्रहरूको कार्यव्यापारबाट उत्पन्न विभिन्न प्रकारका भाषिक विचलनबारे विश्लेषण गरिएको छ । अत : यस लेखको विषय नै 'गाउँको माया' कथामा प्रयुक्त भाषिक विचलनबारे अध्ययन गर्नु रहेको छ ।

समस्या र उद्देश्य

तराईमूलको कार्यपीठिका बनाई लेखिएको 'गाउँको माया' कथामा केकसरी भाषिक विचलन भएको छ भन्ने मूल पक्षको विश्लेषण गरिने प्रस्तुत लेख निम्नअनुसारको समस्यामा केन्द्रित रहेको छ :

(क) लिचको भाषिक विचलनसम्बन्धी सैद्धान्तिक आधारमा *गाउँको माया* कथामा के कस्ता अभिलक्षणहरू पाइन्छन् ?

माथि उल्लेख भएको समस्याको समाधान गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

अध्ययन विधि

प्रस्तुत अध्ययनमा भाषिक विचलनका सैद्धान्तिक मान्यताका आधारमा *गाउँको माया* कथामा प्रयुक्त भाषिक विचलनको विश्लेषण गरिएको छ । अध्ययनका लागि यहाँ प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री उपयोग गरिएको छ । यस क्रममा कथाकार इस्मालीको *गाउँको माया* कथालाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ भने जियोफ्री एन. लिचको ***अ लिङ्ग्विस्टिक गाइड टु इङ्लिस पोयट्री*** पुस्तकलाई द्वितीयक स्रोतको रूपमा प्रयोग गरिएको छ । लिचले साहित्यमा पाइने कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख-प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत, प्रयुक्तिगत र ऐतिहासिक विचलन गरी आठ प्रकारका विचलनको चर्चा गरे पनि प्रस्तुत अध्ययनमा कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख-प्रक्रियात्मक र अर्थतात्त्विक विचलन मात्र पाइएको हुँदा सोही आधारमा विश्लेषण गरिएको छ । यहाँ स्पष्टरूपमा भाषिकागत, प्रयुक्तिगत र ऐतिहासिक विचलन भएको छैन ।

'गाउँको माया' कथाको वस्तुविन्यास

गाउँको माया लघु आकारको सामाजिक कथा हो । यस कथामा कथाकार इस्मालीले ग्रामीण नेपाली समाजको यथार्थ अवस्थाको चित्रण गरेका छन् । कथाको प्रमुख पात्र म (कृष्ण) दुई वर्षदेखि नै जन्मस्थल छाडेर अन्यत्र बस्दै थियो । उसको चाहना चाँडै नै गाउँ फर्कने थियो तर विभिन्न अल्झनलाई पन्छाउँदै ऊ बल्लतल्ल आजमात्र गाउँ फर्कदै छ । गाउँ फर्कदै गर्दा उसले आफ्ना थुप्रै बाल्यकालीन घटनाहरू स्मरण गर्दछ । उसको मानसपटलमा बुधना, परिछन, रामदरस, बखतबहादुर, कान्छो भाइ, आमा, बा, घर, छिमेक, टोल र गाउँ सबै

घुमिरहेको अवस्था छ। भाइले भर्खरै पठाएको चिठी सम्भँदा कृष्णलाई गाउँमा निकै चेतनाको स्तर बढेको अनुभूत हुन्छ।

भाइसँगै परिछनले पनि पठाएको चिठी कृष्णले सम्भन थाल्छ। परिछनले चिठीमा कृष्णलाई पढेलेखेको र आफूलाई गँवार भनेको थियो। यो कुरा सम्भँदा कृष्णले अझ चाँडो गाउँ पस्ने निधो गरेको थियो। उसलाई गाउँमा बस्न नपाउनुमा ज्यादै पीडाबोध भइसकेको थियो। यी विभिन्न प्रसङ्ग मानसपटलमा घुमाउँदै कृष्ण चैतको महिनामा घाम चर्कंदै गर्दा गाउँनजिक आइपुग्छ। यत्तिकैमा कृष्णले "जयरामजीकी किसन भाइ !" भनेर कसैले बोलाएको सुन्दछ। वरपर हेर्दा जोत्दाजोत्दैको हलगोरु अड्याएर हस्याङफस्याङ गर्दै उही परिछन आइपुग्छ। परिछन र कृष्ण पहिले सँगै गाई चराउने गर्दथे। लँगौटियाको रूपमा सिजनमा बदाम, मकै चोरेर सँगै खान्थे भने सँगै गीत गाउँथे। परिछन पहिले छसात वर्ष अर्केकामा गोठालो थियो भने पछि ज्यालादारीमा हली बस्यो। आज परिछनको छोराले बाबुको त्यही बिँडो समात्ने अवस्था छ। सबैले चलाख केटो भनेर त्यतिबेला कृष्णलाई अक्षर चिन्न विद्यालय पठाए तर परिछनलाई त्यो वातावरण भएन। विद्यालय बिदा भइसक्दा कृष्ण ओरहा खान, गिर खेल्न, कपर्दी खेल्न वा यस्तै कुनै निहुँ पारेर परिछनकै समूहमा आइहाल्थ्यो। परिछन र कृष्णका बिचमा अन्योन्याश्रित आत्मिक सम्बन्ध थियो। त्यही परिछनले अहिले कृष्णलाई सियाँलमा बस्न भन्दै सबै हालखबर सोध्यो। कुनै चिठीबिना कृष्ण एक्कासि आइपुगेकामा परिछनलाई अचम्म लाग्यो।

सिमलको फेदमा झोला बिसाएर कृष्णले पसिना पुछ्दै गर्दा परिछन पानी लिन लोटा टिपेर खोलातिर जान्छ। त्यतिबेला कृष्णले खोलासँगको आफ्नो विगत सम्भन थाल्दछ। यही खोलामा कृष्ण र परिछन सँगै गाई चराउँथे। अहिले खोला अलि सोभिएको रहेछ। खोलामा बाढी आएको बेलामा पहिले कृष्ण र परिछन गाईको पुच्छर समाएर तर्ने गर्थे। अरू बटुवालाई पनि तार्ने गर्दथे। यसमा दुवैजनालाई आनन्द लाग्दथ्यो। त्यहींनिर वर्षामा मूल फुटेर बनेको कुवा रहेछ। त्यही कुवाबाट एकदम चिसो र मिठो पानी लिएर परिछन आइपुग्दछ। कृष्णलाई पानी दिएपछि परिछनले भन्यो -"आजकाल गाउँमा तीन पाटी भयो, किस्ना।" यी कुरा सुन्दै गर्दा कृष्णले सोच्यो अब गाउँमा 'डिभाइड एन्ड रुल' भन्ने अङ्ग्रेजहरूको रोग सर्दै छ। फुटाऊ र शासन गर भन्ने यो रोगले आज पनि गाउँमा परिछनजस्ता गरिब जनताको जीवनस्तर माथि उक्लन दिने छैन। उनीहरूलाई क्रीतदासरूपी हलीगोठाला नै बनाइराख्ने साहुमहाजनको चाहना छ। परिछनजस्ता गरिबको चेतनास्तर बढ्न दिँइदै छैन। कृष्णले फेरि पनि मूल कारण थाहा पाउनका लागि परिछनलाई तेस्रो पाटी कहाँबाट आयो भनी प्रश्न गऱ्यो। त्यतिबेला परिछनले गत साल रोपाइँको बेलामा चार किलो बनीको कुरालाई लिएर फेकन र शनिचरको अगुवाइमा धनीविरुद्ध हडताल सुरु गरेको घटना भन्न थाल्यो। त्यो हडताल सुरुका दिनमा प्रभावकारी नै थियो। तर, पछि फेकन र शनिचर आफैं धनीहरूसँग मिलेछन्। उनीहरुलाई चारचार मन धान दिने आश्वासन धनीले दिएछन्। यही लोभमा हडताल बन्द गरेपछि उनीहरुलाई परिछनको पाटीबाट समेत निकालियो र नयाँ पाटी बनाए। अहिले पाटीका धोकेबाज गइसकेकाले अब राम्रो तरिकाबाट आफूहरू अगाडि बढ्ने कुरा परिछन गर्दै थियो। परिछनले कृष्णलाई गाउँमा नपाउँदा धेरै गुमेको कुरा गऱ्यो। दुःखको भावमा उसले लेखपढ गरेको मान्छे परदेशी भइदिँदा गाउँमा मालिकहरुको एकलौटी रजाइँ चलेको बतायो।

परिछनको यस्ता कुरा सुनेर कृष्ण मर्माहत बन्यो तर पनि उसले परिछनहरूकै श्रम र पसिनाबाट गाउँको इज्जत र मान स्थापित भएको ययार्थबोध गरायो। उसले परिछनलाई खोलाको धार फर्काउन सक्ने पाखुरीले गाउँको इज्जत अझ उँचो बनाउने विश्वास दियो र जान लाग्यो। जाने बेलामा परिछनले कृष्णलाई गाउँको

यथार्थ झल्कने गरी एउटा नाटक लेखिदिन आग्रह गऱ्यो । कृष्णले नाटक लेख्ने जिम्मेवारी लिएर गाउँ पस्दै गर्दा प्रस्तुत कथाको कथावस्तु पनि समाप्त हुन्छ ।

सैद्धान्तिक पर्याधार

अङ्ग्रेजी भाषाको 'डेभिएसन' शब्दको समानार्थी तत्सममूलको नेपाली शब्द नै विचलन हो । विचलन शब्द 'चलन' मूल शब्दमा 'वि' उपसर्ग लागेर बनेको हुन्छ, जसको व्युत्पत्तिगत अर्थले 'सामान्य नियम, चलन वा मानकभन्दा विपरीत वा भिन्न अर्थ' बोध गर्दछ । यसैले शैलीविज्ञानमा विचलन शब्दलाई मानकको उल्लङ्घन र अतिक्रमणको अर्थमा प्रयोग गरिएको छ (शर्मा, २०४८ : ११) । विचलनकै आधारबाट सामान्य वा व्यावहारिक (साहित्येतर) भाषाभन्दा साहित्यिक भाषा भिन्न बनेको हुन्छ । साहित्यिक भाषाको विचलनको अवधारणा साहित्य अध्ययनको थालनीसँगै सुरु भएको पाइन्छ । पाश्चात्य साहित्यमा 'पोयटिक लाइसेन्स' अथवा संस्कृतको प्रसिद्ध कथन 'निरंकुशा : कवयः' (कवि निरङ्कुश हुन्छन्) भन्ने भनाइले विचलनको अवधारणालाई सङ्केत गर्दछ (तिवारी, सन् १९७७ : ४०)। यसले परम्परितरूपमा प्रत्येक भाषामा रहेका ध्वनि, रूपरचना, शब्दप्रयोग, वाक्य रचना तथा अर्थअभिव्यक्तिमा केही न केही भिन्न गरेर मात्र साहित्य सिर्जना गरिन्छ र त्यो कार्य गर्ने साहित्यकार पनि निरङ्कुश प्रकृतिको हुन्छ भन्ने अर्थबोध गर्न सकिन्छ । साहित्य र साहित्यतर विधा पहिचान गर्ने प्रमुख आधारमा भाषिक विचलन पनि एक पर्दछ । विद्वान् एरिस्टोटलले होमर र एम्पेडक्लसका कार्यहरूमा रहेको भाषिक विचलनका कारण होमरलाई काव्यकारभन्दा एम्पेडक्लसलाई काव्यकारको सट्टा केवल भौतिकशास्त्री भन्नु उचित ठाने (बुचर, सन् १९०२ : ९) । उनले ती दुईबिचको प्रमुख भेद काव्यभित्रको आलङ्कारिक भाषा एवम् विचलनलाई नै प्रमुख आधार बनाएको मानिन्छ । यसैले परम्परागत प्रयोग सन्दर्भको सट्टा नयाँ प्रयोग र प्रस्तुतिमा विचलनको प्रमुख भूमिका रहन्छ । शैलीविज्ञानमा अग्रभूमि निर्माणले कुनै पनि कृतिको शैलीगत वैशिष्ट्य निर्माण गर्न प्रमुख सहयोगीको भूमिका निर्वाह गरेको हुन्छ । अग्रमूमि निर्माणका दुईओटा तरिकामा समानान्तरता र विचलन पर्दछन् । समानान्तरतामा अधिक नियमितता पाइने तर त्यसको ठिक विपरीत विचलनमा अधिक अनियमितताको परिपालन हुने गर्दछ । त्यसैले यी दुईओटा उपायलाई एकअर्कामा विपरीत उपकरण मान्नुपर्दछ (लिच, १९६९ : ६२) । यति हुँदा पनि समानान्तरता र विचलन दुवै उपायले नै अग्रभूमि निर्माणमा भूमिका निर्वाह गर्दै अतिपरिचित र सनातनी प्रयोगको सट्टा नवीन, आकर्षक, औचित्यपूर्ण, सम्प्रेषणशील प्रयोगमा जोड दिएका हुन्छन् । शैलीलाई मानकबाट विचलन मानेर यसको अध्ययन गर्नेहरूमा येन मुकारोब्स्की, लियो स्पिट्जर तथा पेर गिरादका नाउँ अधिक प्रसिद्ध छन् । तर 'मानक' र 'विचलन' सम्बन्धी धारणाहरू विविध र परस्परमा विवादग्रस्त पनि छन् (नेपाल, सन् २०२० : ५३) । एउटा सन्दर्भमा मानक ठानिएको विषयवस्तु अर्को सन्दर्भमा विचलन पनि हुन सक्दछ । त्यस्तै देश, काल र परिस्थितिअनुसार कहिले विचलन ठानिएको विषय मानक र मानक ठानिएको विषय विचलित पनि हुने गर्दछ । परिवर्तनशील भाषाको नियमानुसार व्याकरणिक नियम र मान्यतामा पनि परिवर्तन आउँछ । यसैले साहित्यको सन्दर्भमा भाषिक विचलनलाई व्याकरणसम्मत भाषिक परिधिभित्रै प्रयोगकर्तालाई उपलब्ध विभिन्न विकल्पहरूमध्येबाट गरिने उपयुक्त चयन पनि मान्न सकिन्छ । अतः सामान्य भाषा, शास्त्रीय भाषा, वैज्ञानिक भाषा, कथ्यभाषाभन्दा साहित्यिक भाषा पृथक हुन्छ र त्यही

पार्थक्य नै विचलनको परिचायक हुन्छ । कथामा, पात्रमा, उद्देश्यमा, छन्दमा नवीनता भरेर बहुपक्षीय विचलन अँगालिएको छ । भाषिक कोणबाट हेर्दा भाषामा ध्वनि, शब्द, वाक्य आदि विभिन्न स्तरमा विचलन पाइन्छ । (गौतम, २०५० : ३४१)। लिच (सन् १९६९)ले आफ्नो पुस्तक ***अ लिङ्ग्विस्टिक गाइड टु इङ्लिस पोयट्री*** मा भाषिक विचलनबारे अङ्ग्रेजी भाषाको सापेक्षतामा आठओटा प्रकार देखाई अध्ययन गरेका छन् । ती आठ प्रकार हुन् : (क) कोशीय विचलन, (ख) व्याकरणिक विचलन (ग) ध्वनिप्रक्रियात्मक विचलन (घ) लेख-प्रक्रियात्मक विचलन (ङ) अर्थतात्त्विक विचलन (च) भाषिकागत विचलन (छ) प्रयुक्तिगत विचलन र (ज) ऐतिहासिक कालगत विचलन (पृ.४३-५१) । यिनलाई काव्यिक भाषाको विचलनअन्तर्गत चर्चा गरिए तापनि समग्र साहित्यमा भाषिक विचलनका आधार मान्न सकिन्छ ।

'गाउँको माया' कथामा भाषिक विचलन

कथाकार इस्मालीद्वारा लिखित 'गाउँको माया' कथालाई यहाँ भाषिक विचलनका आधारमा अध्ययन गरी वैशिष्ट्य केलाउने प्रयास गरिएको छ । यसका लागि जि.एन. लिच (सन् १९६९)को पुस्तक ***अ लिङ्ग्विस्टिक गाइड टु इङ्लिस पोयट्री*** मा चर्चा गरिएका भाषिक विचलनका (क) कोशीय विचलन, (ख) व्याकरणिक विचलन (ग) ध्वनिप्रक्रियात्मक विचलन (घ) लेखिमिक विचलन (ङ) अर्थतात्त्विक विचलन (च) भाषिकागत विचलन (छ) प्रयुक्तिगत विचलन र (ज) ऐतिहासिक कालगत विचलनलाई आधार बनाई उक्त कथाको विश्लेषण गरिएको छ । यस कथामा माथि भनिएअनुसार पाँच प्रकारका विचलन भएको पाइन्छ भने भाषिकागत, प्रयुक्तिगत र ऐतिहासिक विचलनको स्पष्ट प्रयोग पाइँदैन । यसर्थ यहाँ 'गाउँको माया' कथामा प्रयोग भएका पाँच प्रकारका भाषिक विचलनको परिचय, भूमिका र प्रयोगस्थितिको बारेमा उदाहरणसहित निम्नानुसार अध्ययन-विश्लेषण गरिएको छ :

कोशीय विचलन : भाषाको कोशमा प्रविष्ट नभएका वा मानकपनमा प्रयोग नभएका शब्दको प्रयोग गर्नु नै कोशीय विचलन हो । साहित्यकारले आफ्नो भावाभिव्यक्तिको क्रममा सन्दर्भानुसार नयाँनयाँ शब्दको पनि प्रयोग गरिरहेको हुनसक्छ, जसले भाषिक विचलन हुने गर्दछ । कोशीय विचलनको सबैभन्दा सामान्य तरिकामा उपसर्ग वा प्रत्ययबाट नयाँ शब्द निर्माण हो (लिच, १९६९ : ४३) । लिचले कोशीय विचलन हुने तीनओटा तरिकामा नितान्त नयाँ शब्दको निर्माण, मानक शब्दको सीमालाई विस्तृत बनाउने र दुई वा दुईभन्दा बढी शब्दलाई समस्त शब्दको रूपमा परिणत गर्ने प्रक्रिया हुन्छन् (पृ. ४२-४३) भनेका छन् ।

प्रस्तुत 'गाउँको माया' कथामा भएको कोशीय विचलनलाई यसरी देखाउन सकिन्छ :

- आजकाल गाउँमा तीन पाटी भयो, **किस्ना** । (पृ.७३)
- तिमी **भन्या** गाउँको अभिमान हौ । (पृ.७५)

उपर्युक्त वाक्यमा रेखाङ्कित शब्दहरूले यस कथामा भएको कोशीय विचलनको प्रतिनिधित्व गरेका छन् । माथि 'कृष्ण' मूल शब्दको ठाउँमा 'किस्ना' र 'भनेको' मूल शब्द हुनुपर्नेमा 'भन्या' प्रयोग भई कोशीय विचलन भएको पाइन्छ । यहाँ मूल शब्दलाई चलनचल्तीको रूपमा प्रयोग गर्दा कथ्यपनमा बढी जोड दिइएको छ । हाल शब्दकोश र मानकपनमा नपाइने यस्ता शब्दहरूको प्रयोगबाट सन्ततिलाई भने नेपाली शब्द प्रयोगमा अझ सहजता र सरलता हुने

देखिन्छ । कथाकारले ग्रामीण पात्र उपस्थित गराई स्वनिर्माण गरेका माथिका शब्दहरूले भने कथाको जीवन्त प्रस्तुतिमा निकै सहयोग गरेका छन् ।

व्याकरणिक विचलन : प्रत्येक भाषाको आआफ्नै व्याकरणिक व्यवस्था हुन्छ । यिनमा लिङ्ग, वचन, पुरुष, आदर, कारक, भाव, वाच्य र पदसङ्गति प्रमुख पर्दछन् । यी विचलनहरू मूलतः पात्रको सामाजिक स्तर, आर्थिक स्तर, जातिगत प्रभाव र उमेरादिका आधारमा हुने गरेको पाइन्छ । प्रस्तुत 'गाउँको माया' कथामा रहेको व्याकरणिक विचलनलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

अ. वचन र कारकको तहमा विचलन

- म परिछनदेखि र परिछन मदेखि, तर्की तर्की हिँड्न थाल्यौँ । (पृ.७२)
- पछि उनीहरूले धोखा दियो र उनीहरूसँग मिल्यो । (पृ.७४)

माथिको पहिलो उदाहरणमा 'हामी' बहुवचन बुझाउने सर्वनाम शब्दको प्रयोग भइसकेपछि पुनः 'म परिछनदेखि र परिछन मदेखि' भन्दै सोही सन्दर्भ आउनुले वचनको तहमा विचलन भएको पुष्टि गर्दछ । यस्तै दोस्रो उदाहरणमा 'उनीहरू' बहुवचन बुझाउने कर्तासँग 'दियो' एकवचन निम्नआदर बुझाउने क्रियापद र 'उनीहरू' बहुवचन बुझाउने कर्तासँगै 'मिल्यो' एकवचन निम्नआदर बुझाउने क्रियापदको प्रयोगबाट विचलन सिर्जना भएको छ । यी सबै उदाहरणहरूमा व्यावहारिक चलनचल्तीमा प्रयोग हुने सामान्य (मध्यम) आदरको समेत संयोजन नगरी ग्रामीण कथ्यबोलीलाई नै प्रधानता दिइएको पाइन्छ । यही विचलनबाट कथामा जीवन्तता प्रकट गर्ने प्रयास गरिएको छ ।

- धेरैपछि जब म बुझ्न थालेँ अनि मैले पहिलो पटक अनुभव गरेँ...(पृ.७२)
- त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर बस्या छन् । (पृ ७४)

माथिको पहिलो उदाहरणमा 'म' सर्वनामसँग 'थालेँ' क्रियापदको संयोजन गरिएको छ भने दोस्रो उदाहरणमा 'उनीहरू' सर्वनामसँग 'बस्या छन्' को विन्यास गरिएको छ । यी दुबै उदाहरणमा कारकीय विचलन भएको पाइन्छ । 'थालेँ' क्रियापदसँग उपयुक्त हुने गरी 'मैले' कर्ता कारक र 'उनीहरू' सँग 'बसेका छन्' क्रियापदको मेल गराइएको भए व्याकरणिक रूपमा पूर्ण मानक मानिन्थ्यो । तर, कथाकारले भावाभिव्यक्तिको सन्दर्भमा उक्त कारकीय विचलनलाई सहजतापूर्वक प्रस्तुत गरेको पाइन्छ ।

आ. पदक्रमको तहमा विचलन

पदक्रम विचलनले साहित्यिक सन्दर्भमा कुनै विशेष पदलाई बलाघात गरी विशिष्ट अर्थ सिर्जना गर्ने गर्दछ । कथाकारले कथामा प्रयुक्त वाक्यहरूमा कुनै खास शब्दलाई जोड दिँदा पदक्रमको विचलन भएको छ ।

इस्मालीको 'गाउँको माया' कथामा भाषिक विचलन

- यी दुई वर्षका बिचमा धेरै पटक **प्रयास गरें**- गाउँतिर जाऊँ **भनेर** । (पृ. ६८)
- अहिले आएर ती सबको पृथक्ताबोध कता कता च्वास्स **बिभ्फाउँछ - आफैँलाई** । (पृ.६९)
- गाउँमा बस्न नपाउनुको पीडाबोध हलक्क **मौलिन्छ छातीभरि** । (पृ.६९)
- गाई **चराउँथ्यौं - सँगसँगै** । (पृ.७१)
- म विद्यालय जान **थालें** काठको पाटी बोकेर । (पृ.७२)
- **यसपछि** हामी **छुट्यौं** - भरे भेट्ने **वाचामा** । (पृ.७६)

माथिका उदाहरणहरूमा नेपाली व्याकरणमा प्रयुक्त साधारण नेपाली पदक्रम (कर्ता, कर्म र क्रियाको क्रम) लाई पनि विचलन गरिएको छ ।

ध्वनिप्रक्रियात्मक विचलन

कुनै पनि भाषाको खास एकाइको उच्चारण गर्दा मानकभन्दा भिन्नपनमा उच्चारण हुन्छ भन्ने त्यो ध्वनिप्रक्रियात्मक विचलन हो । यस्तो विचलन मूलरूपमा पात्रको स्तर, पारिवारिक एवम् सामाजिक अवस्था, उमेर, आञ्चलिकता आदिबाट निर्देशित हुने गर्दछ । कुनै एक शब्दमा देखापर्ने ध्वनिगत अनियमितता नै ध्वनिप्रक्रियात्मक विचलन हो (लिच, १९६९ : ४७) । ध्वनिप्रक्रियात्मक विचलन हुँदा कथामा नयाँ ढाँचाको प्रवेश हुने गर्दछ । यस्तो विचलनअन्तर्गत लोप, आगम, समीभवन, विपर्यास, परिवर्तन वा प्रतिस्थापन आदि प्रक्रिया पर्दछन् । प्रस्तुत कथामा ध्वनिप्रक्रियात्मक विचलन भएको अवस्थालाई यसरी देखाउन सकिन्छ :

- **किसुन** भाइ ! यो दुईतीन **बरस**मा गाउँमा धेरै उथलपुथल भयो । (पृ.७४)
- त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर **बस्या** छन् । (पृ.७४)
- तिमी **भन्या** गाउँको अभिमान हौ । (पृ.७५)

माथिको पहिलो उदाहरणमा 'कृष्ण' बाट ध्वनि प्रतिस्थापन भई 'किसुन' र 'वर्ष' बाट समीभवन भई 'बरस' बनेको छ । यस्तै उदाहरण दोस्रोमा 'बसेका' हुनुपर्नेमा ध्वनि प्रतिस्थापनबाट 'बस्या' र उदाहरण तेस्रोमा 'भनेका' हुनुपर्नेमा 'भन्या' हुँदा ध्वनिप्रक्रियात्मक विचलन भएको छ । कथाकारले यहाँ बोलचालको भाषालाई सहज र स्वाभाविकरूपमा प्रवेश गराउने सन्दर्भमा ध्वनिप्रक्रियात्मक विचलन भएको पाइन्छ ।

लेख-प्रक्रियात्मक विचलन

कुनै पनि भाषाको सामान्य लेखन ढाँचा वा पद्धतिमा परिवर्तन गरी नयाँ ढाँचा, स्वरूप वा पद्धतिलाई प्रवेश गराउनु लेख-प्रक्रियात्मक विचलन हो । लेखाइको तहमा हुने विचलन भएको हुँदा यसलाई लेखिमिक विचलन पनि भनिन्छ । यसले भाषाको सामान्य र सनातनी लेखन प्रक्रियालाई भन्दा फरक किसिमको लेखाइलाई स्वीकार गर्दछ । लेख-प्रक्रियात्मक विचलन प्रकाशित सामग्रीमा लिपि, चिह्न, चित्र र सङ्केतबाट हुने गर्दछ । प्रस्तुत कथामा भएको लेख-प्रक्रियात्मक विचलनलाई यसरी देखाउन सकिन्छ :

- सुल्ताना डाँकुको नौटङ्की, महावीरजीको भ्फन्डामेला, हाटबजार... (पृ.६८)

- आहा ! चिठी पढेर म कति खुसी भएथेँ.... । (पृ.६९)
- "अरे, के कुरा गर्छौ, सर्बत बिर्साउँछ यहाँको पानीले । पख..." (पृ.७३)
- गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ......। (पृ.७५)
- तिम्रो पाखुरीले यो खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त...! (पृ.७६)
- अहिले भोकाएका पनि हौला... । (पृ.७६)
- म यो धुनमा सोच्दै हिँडिरहेथेँ कि नाटक कसरी र कहाँबाट थालौँ ...? (पृ.७६)

माथिका उदाहरणहरूमा अन्तिमा अपूर्णताबोधक चिह्न (....) प्रयोग भएको छ । कथाकारले आफ्नो भनाइ नरोकिएको बुझाउनका लागि यस्तो चिह्न प्रयोग गरेको पाइन्छ । यस्तै गरी सोही विषयप्रसङ्गले अझ गहन भावप्रकट गरोस् र प्रस्तुतिमा निरन्तरता मिलोस् भन्ने ध्येयले पनि उल्लिखित वाक्यहरूमा अपूर्णताबोधक चिह्न प्रयोग गर्नु सान्दर्भिक देखिन्छ ।

- म उसको स्वर सुन्दै थिएँ-"ह ऽऽ गोला, फुर्ती से चाल बढाके ।" (पृ.७६)

माथिको उदाहरणमा ऽऽ चिह्नको प्रयोग गरिएको छ । यस चिह्नको आफ्नो खास अर्थ भने हुँदैन। प्रायःगरी पूर्वीय वाङ्मयमा रहेका वेदमा प्रचलित ऽऽ चिह्नले उक्त चिह्न प्रयोग भएको अगाडिको पदमा 'दीर्घ उच्चारण' ध्वनिको विस्तार गर्ने गर्दछ । यस आधारमा पनि कथाकारले यहाँ 'ह'लाई लामो समयसम्म उच्चारण गर्ने गरी उक्त चिह्नको उद्देश्यमूलक विन्यास गरेका छन् ।

अर्थतात्त्विक विचलन

कुनै पनि शब्दले सामान्य वा परम्परागत अर्थको सट्टा नयाँ विशेष अर्थ बोध गराउँछ भने त्यो अर्थतात्त्विक विचलन हो । साधारणतथा भाषिक संरचनामा सोझो वा अभिधात्मक अर्थको अत्यधिक प्रयोग हुने गर्दछ । तर, साहित्यको क्षेत्रमा विशेष सन्दर्भ र भाव सम्प्रेषणका लागि विशिष्ट अर्थप्रदायक शब्द चयन गर्ने गरिन्छ । साधारण अर्थको सापेक्षतामा विशिष्ट अर्थ बुझाउने शब्दको प्रयोग बढी हुने हुँदा साहित्य भिन्न र विशिष्ट किसिमको हुने गरेको छ । मानसिक रूपमा अर्थतात्त्विक विचलनलाई निरर्थकता वा असङ्गतिमा अनुवाद गर्नु उचित हुन्छ (लिच, १९६१ : ४८)। प्रस्तुत कथामा भएको अर्थतात्त्विक विचलनलाई यसरी देखाउन सकिन्छ :

- बाटाभरि आँखामा गाउँ नै नाचिरह्यो । मानसपटलभरि गाउँ नै सलबलाइरह्यो - (पृ. ६८)

  माथिको उदाहरणमा गाउँ नाचिरह्यो तथा सलबलाइरह्यो भनिएको छ । वास्तवमा गाउँ नाच्न वा सल्बलाउनका लागि कुनै सजीव वस्तु होइन । तर, पनि यहाँ कथाकारले गाउँलाई मानवीकरण गरी सजीवताका साथ वास्तविक भाव सम्प्रेषण गर्ने उद्देश्यले 'आँखामा गाउँ प्रतिबिम्बन भइरहेको' भन्ने कुरा प्रस्तुत गर्ने कोसिस गरेका छन् ।
- अहिले आएर ती सबको पृथक्ताबोध कता कता च्वास्स बिझाउँछ - आफैँलाई । गाउँमा बस्न नपाउनुको पीडाबोध हलक्क मौलिन्छ छातीभरि । (पृ.६९)

माथिको उदाहरणले 'पृथक्ताबोध'लाई 'च्वास्स बिझाउने वस्तु' ठानेको छ भने 'पीडाबोध' लाई 'मौलाउने सजीव वस्तु'जस्तै मानिएको छ । यथार्थमा यी दुवै भावनात्मक विषयसन्दर्भमा सजीवताको हुँदैन तर पनि कथाकारले यहाँ भावको गहिराइ प्रकट गर्ने सन्दर्भमा माथिको वाक्य गठन गरेको बुझिन्छ ।

- हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् यो जीवनलाई बुझ्दै छन् । (पृ.६९)
  माथिको उदाहरणमा मान्छेलाई 'साँच्चैको' र 'ख्यालख्याल'को रूपमा बुझ्ने दोहोरो अर्थ प्रकट गर्दै यहाँ साँच्चैको मान्छेबारे भन्न खोजिएको जस्तो देखिन्छ । तर, कथाकारले प्रस्तुत सन्दर्भमा 'साँच्चैको मान्छे'लाई 'असल र सत्विवेक' भएको मान्छे भन्न खोजेको देखिन्छ । यसले पनि आर्थिक विचलनको स्वरूप लिएको छ ।
- मलाई ठुलो मान्छे बनाएर परिछन ममाथि व्यङ्ग्य कस्दै छ । (पृ.७०)
  माथिको उदाहरणमा झट्ट भन्दा उचाइ र तौलको आधारमा सानो र ठुलो मान्छेको परिकल्पनाको गर्ने गरिन्छ । तर कथाकारले उक्त वाक्यमार्फत आर्थीविचलन ल्याई 'ठुलो मान्छे'को अर्थ 'असल, ज्ञानी, भद्र, इमानदारी तथा बुद्धिमानी मान्छे' भन्ने रूढ अर्थ दिएको छ। यस्तै 'व्यङ्ग्य कस्नु'ले पनि यहाँ 'व्यङ्ग्य गर्नु' भन्ने अर्थ बुझाएको छ ।
- मैले काला अक्षरहरूसित मितेरी गाँसेँ । (पृ.७२)
  माथिको उदाहरणले कुनै पनि व्यक्तिले काला अक्षरसँग मित गाँसेको भन्ने सोझो अर्थ प्रकट गर्दछ । तर, प्रस्तुत सन्दर्भमा उक्त कथनले 'काला अक्षरलाई चिनेँ वा पढ्न/लेख्न जान्ने भएँ' भन्ने कुरा बुझाउँदा आर्थीविचलन भएको मानिन्छ ।
- सर्बत बिर्साउँछ यहाँको पानीले । (पृ.७३)
  यस उदाहरणमा पानी पिउँदा सर्बत बिर्सने कुरा गरिएको छ । अभिधाको रूपमा यस्तो अर्थ प्रकट भए पनि यस वाक्यमा 'यहाँको पानी सर्बतभन्दा पनि स्वादिलो वा उत्तम छ' भन्ने कुरा आर्थी विचलनमार्फत प्रकट भएको पाइन्छ ।
- परिछनहरू भाचिँदै छन् । (पृ.७४)
  माथिको उदाहरणले परिछनहरू भाचिँदै गएको सोझो अर्थ बुझाए तापनि आर्थीविचलनद्वारा यहाँ 'परिछनहरू कमजोर हुँदै छन्' भन्ने अर्थ बोध गर्न सकिन्छ ।
- तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोसा मिल्थ्यो । (पृ.७५)
  प्रस्तुत उदाहरणले भौतिक रूपमा हुने आडभरोसा नबुझाइ प्रतीकात्मक रूपमा 'सरसहयोग मिल्थ्यो' भन्ने अर्थ बुझाउने हुँदा आर्थीविचलन भएको पुष्टि हुन्छ ।
- मेरो मानसपटलभरि परिछनको स्वर मडारिँदै थियो- (पृ.७६)
  माथिको उदाहरणमा मानसपटकमा कुनै भौतिक वस्तु मडारिएजस्तै स्वर मडारिँदै थियो भन्ने सोझो अर्थ प्रकट गरिएको छ । तर, कथाकारले उक्त अभिधाको तहमा अर्थ प्रकट गर्ने गरी पदसंयोजन गरेको पाइँदैन । कथाकारले भावाभिव्यक्तिलाई प्रभावकारी र अझ सघन बनाउका लागि 'मानसपटलमा परिछनको स्वर प्रतिबिम्बन भइरहेको थियो' भन्ने विशिष्ट अर्थ बुझाउन खोजेका छन् ।

निष्कर्ष

कथाकार इस्मालीद्वारा लिखित 'गाउँको माया' सामाजिक विषयवस्तुमा आधारित भाषिक प्रभावकारिताका दृष्टिमा उत्कृष्ट कथा हो । यस कथामा भाषिक सौन्दर्य वृद्धि गर्ने गरी भएको भाषिक विचलनले कथाको सौन्दर्य बढाउने काम गरेको छ । यहाँ कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख-प्रक्रियात्मक र अर्थतात्त्विक विचलनको प्रयोगबाट कथालाई विशिष्ट बनाइएको छ । 'कृष्ण' मूल शब्दको ठाउँमा 'किस्ना' वा किसुन', 'वर्ष' मूल शब्द हुनुपर्नेमा 'बरस', 'बसेका' मूल शब्द हुनुपर्नेमा 'बस्या' र 'भनेको' मूल शब्द हुनुपर्नेमा 'भन्या' प्रयोग भई कोशीय विचलन भएको पाइन्छ । यहाँ मूल शब्दलाई चलनचल्तीको रूपमा प्रयोग गर्दा कथ्यपनमा बढी जोड दिइएको छ । व्याकरणिक विचलनअन्तर्गत प्रस्तुत कथामा वचन, आदर, कारक र पदक्रमको तहमा विचलन भएको पाइन्छ । कथामा व्यावहारिक चलनचल्तीमा प्रयोग हुने सामान्य (मध्यम) आदरको समेत संयोजन नगरी ग्रामीण कथ्यबोलीलाई नै प्रधानता दिइएको पाइन्छ । यही विचलनबाट कथामा जीवन्तता प्रकट गर्ने प्रयास गरिएको छ । ध्वनिप्रक्रियात्मक विचलनअन्तर्गत यहाँ ध्वनि समीभवन, ध्वनि परिवर्तन र ध्वनि प्रतिस्थापनगत विचलन भएको पाइन्छ । कथाकारले यहाँ बोलचालको भाषालाई सहज र स्वाभाविकरूपमा प्रवेश गराउने सन्दर्भमा ध्वनिप्रक्रियात्मक विचलन गरेको पाइन्छ । **लेख-प्रक्रियात्मक विचलन वाक्यको** अन्तिमा अपूर्णताबोधक चिह्न (....) र अङ्ग्रेजीको 'एससूचक' (ऽऽ) चिह्नको प्रयोग गरिएको छ । प्रायःगरी पूर्वीय वाङ्मयमा रहेका वेदमा प्रचलित 'ऽऽ' चिह्नले उक्त चिह्न प्रयोग भएको अगाडिको पदमा 'दीर्घ उच्चारण' ध्वनिको विस्तार गरेको हुन्छ । यस्तै 'आँखा र मानसपटलमा गाउँ नाचिरहनु/सलबलाइरहनु, पृथक्ताबोध बिझाउनु, पीडाबोध मौलाउनु, साच्चिकै मान्छे रहनु, ठुलो मान्छे बनाउनु, अक्षरसित मित गाँस्नु, पानीले सर्बत बिर्साउनु, परिछन भाँचिनु, मानसपटलभरि स्वर मडारिनु' जस्ता विषयसन्दर्भले कथामा पर्याप्त आर्थीविचलन भएको पाउन सकिन्छ । अतः प्रस्तुत कथामा पाँच प्रकारकै विचलनलाई प्रयोग गरी कथाकारले भावाभिव्यक्तिलाई प्रभावकारी, अझ सघन, विशिष्ट र आकर्षक बनाएको पाइन्छ । कथाकारले यी विचलनहरू कथाको जीवन्त प्रस्तुतिका लागि सहायक हुने गरी विन्यास गरेका छन् ।

सन्दर्भसूची

इस्माली (२०७७). *माछो माछो भ्यागुतो.* (दोस्रो सं.), बागबजार : ज्ञानज्योति बुक्स पब्लिकेसन प्रा.लि. ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।

तिवारी, भोलानाथ (१९७७). *शैलीविज्ञान.* दिल्ली : शब्दाकार ।

तामाङ, आयुष (२०१९ डिसम्बर). रातभरि हुरी चल्यो कथामा भाषिक विचलन. अभिज्ञान ।

ttps://ir.nbu.ac.in/handle/123456789/4594

नेपाल, घनश्याम (२०२०). *शैलीविज्ञान* (तेस्रो सं.), सिलगढी : एकता बुक हाउस प्रा.लि. ।

बुचर, एस. एच. (अनु.) (१९०२). *द पोयटिक्स अफ एरिस्टोटल.* (तेस्रो सं.) लन्डन : म्याकमिलन एन्ड कम्पनी लि.।

लिच, जियोफ्री एन. (१९६९). *अ लिङ्विस्टिक गाइड टु इङ्लिस पोयट्री.* न्युयोर्क : लङ्म्यान ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०३८ असार). शैलीविज्ञान : साहित्य-आलोचनाको स्वायत्त विधा. वाङ्मय २(२), ३१-४३ ।

Linguistic Deviation and Techniques of Translation in Spring of Kumari Tears | Dhyaningrum | Journal of Language and Literature (usd.ac.id)